श्री भूमि आयोग सचिवालय

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

## जिल्ला समिति, चितवन

प. सं. ०८२।८३
च. नं. २१८

मिति २०८२/०४/३०

श्री चितवन जिल्ला स्थित स्थानीय तह (सबै)

विषय : जानकारी गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग ताहाचल काठमाडौं बाट मिति २०८२/०४/३० गते प्रकाशन भएको सूचना यसै पत्र साथ संलग्न छ। उक्त सूचना अनुसार कार्य अगाडी बढाउनका लागि तहाँ पालिका अन्तर्गतका सेवाग्राहीहरुलाई जानकारी गराइदिनुहुन अनुरोध छ।

२०८२।४।३०

श्रीधर ढुंगाना
(सदस्य सचिव)

सदस्य सचिव

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३०

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।